**गुठी संस्थानको प्रशासक पदमा नियुक्तिका लागि दरखास्त आव्हान सम्बन्धी सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मितिः- २०८३/०३/१८)**

गुठी संस्थान ऐन, २०३३ को दफा १२क. बमोजिम गुठी संस्थानको एक जना प्रशासक नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिश गर्नुपर्ने भएकाले "गुठी संस्थानको प्रशासक छनौट तथा नियुक्तिका लागि सिफारिश सम्बन्धी मापदण्ड, २०८३" बमोजिम ईच्छुक नेपाली नागरिकबाट ७ (सात) दिनभित्र दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

यस सम्बन्धी विस्तृत सूचना तथा अन्य विवरणहरु भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा गुठी संस्थानको वेबसाईट (molcpa.gov.np र guthisansthan.org.np) मा समेत हेर्न सकिनेछ।

**गुठी संस्थानको प्रशासक छनौट तथा नियुक्तिको लागि गठित सिफारिस समिति**

## गुठी संस्थानको प्रशासक पदमा नियुक्तिका लागि दरखास्त आव्हान सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मितिः- २०८३/०३/१८)**

गुठी संस्थान ऐन, २०३३ को दफा १२क. बमोजिम गुठी संस्थानको एक जना प्रशासक नियुक्तिका लागि नेपाल सरकार समक्ष सिफारिश गर्नुपर्ने भएकाले "गुठी संस्थानको प्रशासक छनौट तथा नियुक्तिका लागि सिफारिश सम्बन्धी मापदण्ड, २०८३" अनुसार देहाय बमोजिम ईच्छुक नेपाली नागरिकबाट दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

**देहायः**

(१) **नियुक्तिका लागि योग्यताः**

(क) नेपाली नागरिक,

(ख) एक्काइस वर्ष उमेर पूरा भई साठी वर्ष ननाघेको,

(ग) कम्तीमा स्नातक उपाधि प्राप्त गरेको,

(घ) गुठी वा भूमि प्रशासन वा इतिहास वा धार्मिक, साँस्कृतिक, सामाजिक वा व्यवस्थापन वा कानूनको क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव,

(ङ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध बिक्री वितरण तथा ओसारपसार, बैंक तथा वित्तीय संस्था वा सहकारीको रकम हिनामिना, ठगी, सम्पत्ति शुद्धीकरण, पुरातात्विक वस्तु तथा अवैध रूपमा वन्यजन्तुको ओसारपसार, सङ्गठित अपराध, राहदानी दुरूपयोग, अपहरण सम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(च) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमति प्राप्त नगरेको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन नदिएको,

(छ) कुनै राजनैतिक दलको पदाधिकारी वा सदस्यता नरहेको,

(ज) संस्थानसँग ठेक्कापट्टा वा कुनै कारोबारमा निजी आर्थिक स्वार्थ निहीत नरहेको,

(झ) धार्मिक, साँस्कृतिक, सामाजिक, जातीय द्वेष/घृणा फैलाउने कार्यमा संलग्न नरहेको,

**(२) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरुः**

(क) गुठी संस्थानको प्रशासक छनौट तथा नियुक्तिका लागि सिफारिश सम्बन्धी मापदण्ड, २०८३ को अनुसुची-१ बमोजिमको ढाँचामा दरखास्त फाराम र अनुसुची-२ बमोजिमको स्वघोषणा,

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,

(ग) गुठी संस्थानको प्रशासक छनौट तथा नियुक्तिका लागि सिफारिश सम्बन्धी मापदण्ड, २०८३ को दफा ३ बमोजिम गुठी वा भूमि प्रशासन वा इतिहास वा धार्मिक,साँस्कृतिक, सामाजिक, वा व्यवस्थापन वा कानूनको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव खुल्ने कागजात,

(घ) शैक्षिक योग्यता सम्बन्धी कागजातको प्रमाणित प्रतिलिपि

(ङ) दरखास्त दिने पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रमाणित प्रतिलिपि,

(च) व्यावसायिक कार्ययोजना

**(३) दरखास्त पेश गर्ने अन्तिम मितिः**

सूचना प्रकाशन भएको मितिले ७(सात) दिनभित्र। अन्तिम दिनमा सार्वजनिक बिदा परेमा त्यसपछिको कार्यालय खुलेको दिन।

**(४) दरखास्त पेश गर्ने स्थानः**

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भूमि व्यवस्थापन महाशाखा सिहंदरबार, काठमाडौं।

**(५) छनौट तथा सिफारिशका आधार र प्रक्रिया**

(क) कार्य अनुभव

(ख) संस्थानको व्यावसायिक कार्ययोजनाको मूल्याङ्कन

(ग) व्यावसायिक कार्यययोजनाको प्रस्तुतीकरण

(घ) अन्तर्वार्ता

**(६) परीक्षाको मितिः**

परीक्षाको मिति सम्बन्धी सूचना पछि प्रकाशन गरिनेछ।

यस सम्बन्धी अन्य व्यवस्था “गुठी संस्थानको प्रशासक छनौट तथा नियुक्तिका लागि सिफारिश सम्बन्धी मापदण्ड, २०८३” बमोजिम हुनेछ।

**गुठी संस्थानको प्रशासक छनौट तथा नियुक्तिको**
**लागि गठित सिफारिस समिति**